# वीरेन्द्रनगर नगरपालिका

## अटो ड्राईभिङ तालिममा सहभागिहरुका लागि वस्तुगत टेवा प्रदान निर्देशिका २०७६

**नगर कार्यपालिकावाट स्वीकृत मितिः २०७६।०२।०६**

**हस्ताक्षरः**

**मिति : २०७६/०२/०७**

**नामथरः देव कुमार सुवेदी**

**पदः नगरकार्यपालिका प्रमुख**

**अटो ड्राईभिङ तालिममा सहभागिहरुका लागि वस्तुगत टेवा प्रदान निर्देशिका २०७६**

**१. पृष्ठभूमी :** वीरेन्द्रनगर नगरपालिकाको तेश्रो नगर सभावाट महिला स्वरोजगार कार्यक्रम अन्तरगत विनियोजित रकम रु एक करोड मध्येवाट नगर कार्यपालिकावाट स्वीकृत महिला स्वरोजगार कार्यक्रम कार्यविधि वमोजिम वीरेन्द्रनगरका तेइस जना महिलालाई अटो ड्राइभिङ तालिम संचालन गरिएकोमा उक्त सहभागीहरुलाई स्वरोजगारका लागि महिला स्वरोजगार कार्यविधि २०७६ को दफा (५)(१) वमोजिमको वस्तुगत टेवाका लागि अनुदान दिने कार्यलाई व्यवस्थित गर्न यो अटो ड्राइभिङ तालिममा सहभागीका लागि वीरेन्द्रनगर नगरकार्यपालिकाको मिति २०७६।०२।०६ गतेको कार्यपालिका वैठकवाट वस्तुगत टेवा प्रदान निर्देशिका २०७६ स्वीकृत गरि लागु गरिएको छ ।

**२.उद्देश्य** १) वीरेन्द्रनगर नगरपालिका सुर्खेत द्वारा महिला स्वरोजगार कार्यक्रम अन्तरगत अटो ड्राइभिङ तालिम लिएका महिलाहरुलाई अटो रिक्सा उपलब्ध गराई स्वरोजगार बनाउने ।

**३.वस्तुगत अनुदान टेवा प्रदान विधि :** १) तालिम प्राप्त महिलाहरुलाई निजहरुको खर्चमा अटो रिक्सा चालक अनुमति पत्र प्राप्त गर्न आवश्यक सहयोग एवं सम्वन्धित निकायमा सहजीकरणको लागि अनुरोध गरिनेछ ।

२) अनुदान तथा ऋणमा अटो रिक्सा प्राप्त गर्न इच्छुक महिलाको परिवारको कुनै सदस्य वा अन्य संरक्षकको सहमति, वडा कार्यालयको सिफारिश सहित अनुसूचि (१) बमोजिम अनुदानमा अटो रिक्सा माग फाराम भराउने ।

३) अटो रिक्सा माग कर्ता महिलाको आर्थिक तथा सामाजिक अवस्था विश्लेषण फाराम अनुसूचि (२) बमोजिमको ढांचामा भर्ने ।

४) अटो रिक्सा माग कर्ताहरुको मागलाई महिला स्वरोजगार कार्यक्रम व्यवस्थापन समितिले अध्ययन गरि अटो रिक्सा प्रदान गरिने महिलाहरुको नाम एकिन गर्ने ।

५) अटो रिक्सा विक्रेताहरुवाट अटो रिक्सा विक्रीका लागि प्रस्ताव आव्हान गर्ने । सारभूत रुपमा न्यूनतम् मूल्यांकित प्रस्तावलाई महिला स्वरोजगार कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत गर्ने ।

६) अटो रिक्सा खरिदको किस्ता भुक्तानीका लागि सम्वन्धित व्यक्तिको पायक पर्ने सहकारी वा बैंकमा साप्ताहिक बचत खाता खोल्न आवश्यक सहजीकरण नगरपालिकावाट गर्ने ।

७) नगरपालिकाको संरक्षकत्वमा अटो रिक्सा सप्लायर्स संग मासिक रुपमा किस्ता रकम सहकारी मार्फत निजको वचत रकमवाट भूक्तान गर्ने गरि अटो रिक्सा सप्लायर्स संग त्रिपक्षिय संझौता गर्ने ।

८) अटो रिक्सा प्राप्त कर्तालाई प्रति अटो रिक्सा खरिदमा रु १,००,०००। (अक्षरुपी : एक लाख मात्र) फिर्ता गर्न नपर्ने गरि अनुदान तथा रु १,००,०००। (अक्षरुपी : एक लाख मात्र) सम्म ३ वर्ष भित्र फिर्ता गर्ने गरी २ वर्ष भित्र कम्तिमा ५० प्रतिशत फिर्ता गरी २.५ वर्ष भित्र पुरा फिर्ता गरेमा बिना ब्याज, २ वर्ष पछि ३ वर्ष सम्म ५ प्रतिशत ब्याज फिर्ता गर्ने गरी ऋण उपलब्ध गराउने सम्झौता गरि सो रकम अटो सप्लायर्सलाई उपलब्ध गराउंदाका बखत उपलब्ध गराउने ।

९) अटो रिक्सा सप्लायर्स संगको सम्झौता बमोजिम अटो रिक्सा सप्लायर्सलाई वुझाउनु पर्ने रकम तोकिएको समय तालिकामा अनिवार्य वुझाउने दायित्व अटो रिक्सा प्राप्तकर्ताको हुनेछ। तोकिएको समयमा किस्ता वुझाउन नसकी सम्झौता वमोजिमको जरिवाना वा अटो रिक्सा फिर्ता गराउन अटो रिक्सा सप्लायर्सले सक्नेछ ।

१०) नगरपालिकाले उपलब्ध गराएको सहयोग रकम तोकिएको समय भित्र फिर्ता नगरेमा वा अन्य व्यक्तिलाई विक्री वितरण वा दुरुपयोग गरेमा सम्वन्धित व्यक्ति र निजको सगोलको परिवारले नगरपालिकावाट प्रदान गरिने जुन सुकै सेवा रोक्का राख्ने तथा असूलीका वखत उपलब्ध अनुदान र सापटी समेतको वार्षिक १५ प्रतिशतका दरले व्याज र सांवा समेत असूल गरिनेछ ।

११) अटो रिक्सा प्राप्त कर्ताले कम्तीमा ३ वर्ष अटो चलाउनु पर्नेछ । ३ वर्ष भित्र स्वयंमले अटो रिक्सा नचलाएमा निजलाई नगरपालिकावाट दिएको अनुदान र सापटी रकममा थप ५ प्रतिशत जरिवाना सहित असुल गरिनेछ ।

१२) तीन वर्ष सम्म अटो रिक्सा प्राप्त कर्ताले अटो रिक्साको सम्पूर्ण किस्ता भूक्तान गरेमा निजले उक्त अटो रिक्सा अन्य व्यक्तिलाई विक्री वितरण नगरपालिकाको सहमतिमा गर्न सकिनेछ ।

१३) अनुदान प्राप्त अटो रिक्सा सम्वन्धित व्यक्तिले नै अनिवार्य संचालन गर्नुपर्नेछ । विशेष कारणबस आफुले संचालन गर्न नसकेको अवस्थामा चालक अनुमति प्राप्त निजले सिफारिस गरेको महिलाले नगरपालिकाको सहमतिमा संचालन गर्न सकिनेछ ।

**अनुसुची १**

**(दफा ३ (१) संग सम्बन्धीत)**

## अनुदान तथा ऋणमा अटो रिक्सा माग आवेदन फारम

क. नामथरः .............................. ठेगानाः.................................

ख. सम्पर्क फोन नं. ................. शैक्षिक योग्यताः.............................

ग.परिवार संख्याः .............. महिला............... पुरुष

घ. हालको पेशा .........................

ङ उद्योग व्यवसाय सञ्चालन मा आवश्यक पर्ने रकम रु ...................

च.नगरपालिका बाट उपलब्ध हुन सक्ने रकमः

छ.संलग्न कागजातहरुः

- ✓ नागरिकताको प्रमाणपत्र
- ✓ घरमूली/संरक्षकको सिफारिस/प्रतिवद्धताः
- ✓ वडा समितिको सिफारिस

उपरोक्त अनुसारको व्यहोरा सांचो हो । तोकिएको शर्त पालना गर्नमा मञ्जुर छु । उपरोक्त व्यहोराको प्रतिवद्धता सहित ऋण/अनुदान प्राप्तीका लागि अनुरोध छ ।

निवेदकको दस्तखतः..............

मितिः..................

मेरो ............... नाता पर्ने ..................................ले नगरपालिकाबाट .......... सहयोग लिन इच्छा राखेको हुदा अटो व्यवसाय सञ्चालन गर्न सहयोग प्रदान गरेमा मेरो मञ्जुर छ ।

...................

नामथर

निजले यस विषयमा तालिम लिएको, सो काम गर्नका लागि इच्छा समेत जाहेर गरेको र आर्थिक अवस्था समेत कमजोर भएको हुदा महिला स्वरोजगार कार्यक्रमबाट अटो सञ्चालनका लागि आवश्यक सहयोग को लागि सिफारिस गरिन्छ ।

...........................

वडा समितिको तर्फबाट

**अनुसुची २**

**(दफा ३ (३) संग सम्बन्धीत)**

**<u>अटो रिक्सा माग कर्ताको सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण फारम</u>**

१. नामथरः ..............................          ठेगानाः.................................

२.वुवा/पतिको नामथरः.........................

३.सम्पर्क फोन नं.     .................          शैक्षिक योग्यताः.............................

४.परिवार संख्याः  ..............          महिला.............. पुरुष...................

५.हालको पेशा/व्यवसायको नामथर  .........................

६.पेशाबाट अनुमानित मासिक आयः

७.परिवारको मूलीको आयः

८.सम्पती विवरणः

क. घरः पक्की      ख.अर्धपक्की        ग.कच्ची      घ. घर नभएको

ख. जग्गा जमिनः १.........कठ्ठा  २. ...........धुर ...............३. क्षेत्रफल......... वर्ग मि.

जम्मा अनुमानित मूल्यः............

९.चल/अचल सम्पतिः १. सुन.........तोला. २. चांदी .............तोला ३. अन्य

१०.कृषि तथा पशु धन...................................................

११.सवारी साधन (साइकल, मोटर साइकल, अटो रिक्सा,गाडि):..

१२.ऋण लिएको/दिएको/तिरेको वा लिनुपर्ने वा तिर्नुपर्ने ऋण......................

१३.सहकारीमा आवद्धता को अवस्था क) बचत.................ख) शेयर...........

१४.बैंकमा आवद्धताः कः मौज्दात रकमः

१५.अन्य सम्पत्तिको विवरण ( आवश्यक्ता अनुसार)

मैले बुझे सम्म माथि लेखिए बमोजिमको विवरण ठिक छः

नामः

ठेगानाः

दस्तखतः

मितिः